आज मिति २०७७ माघ २१ गते बुधबार दिन बेलबारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तह विचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी ज्यू को संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.स. | पद | नाम | संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री ज्ञानेन्द्र सुवेदी | बेलबारी नगरपालिका | |
| २ | नगर प्रमुख | श्री शिव प्रसाद ढकाल | सुन्दर हरैचा नगरपालिका | |
| ३ | नगर प्रमुख | श्री दिलीप कुमार अग्रवाल | रंगेली नगरपालिका | |
| ४ | अध्यक्ष | श्री शिव नारायण माझी | ग्रामथान गाउँपालिका | |
| ५ | अध्यक्ष | श्री रोहित बहादुर कार्की | केराबारी गाउँपालिका | |
| ६ | उपप्रमुख | श्री ढाका कुमारी पराजुली | बेलबारी नगरपालिका | |
| ७ | उपाध्यक्ष | श्री फुल कुमारी चौधरी | ग्रामथान गाउँपालिका | |
| ८ | प्रमुख प्र. अधिकृत | श्री प्रदिप शाह | बेलबारी नगरपालिका | |
| ९ | अधिकृत स्तर सातौ | श्री महेन्द्र खड्का | बेलबारी नगरपालिका | |
| १० | इन्जिनियर | श्री बालकृष्ण निरौला | बेलबारी नगरपालिका | |
| ११ | स.क.अ | श्री दिनेश खड्का | बेलबारी नगरपालिका | |

प्रस्तावहरु.

१. लोहन्द्रा खोलाको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १**: चालु आ.व. २०७७।०७८ को बेलबारी न.पा., सुन्दरहरैचा न.पा., रंगेली न.पा, ग्रामथान गा.पा, र केराबारी गा.पाको संयुक्त साझा खोला लोहन्द्राको नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्री कर असुली सम्बन्धी ठेक्का बन्दोवस्त गर्न अन्तरपालिकाको निर्णयानुसार बेलबारी नगरपालिकाले लोहन्द्रा खोलाको संयुक्त प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन २०७७ ले तोकेको परिमाणका आधारमा न्यूनतम ठेक्का अंक कायम गरी प्रथम पटक मिति २०७७।८।१७, दोश्रो पटक मिति २०७७।०९।२० र तेश्रो पटक मिति २०७७।१०।८ गते विद्युतिय बोलपत्र आह्वान गरिएकोमा तीन वटै बोलपत्र आह्वानमा तोकिएको समयावधीभित्र कुनै पनि कम्पनी/फर्मले बोलपत्र पेश नगरेको कारण साथै चालु आ.व.को दोश्रो चौमासिक अवधि समेत व्यतित हुन लागेको अवस्थालाई मध्यनजर गर्दा पुनः सोहि परिमाण र ठेक्का अंकमा बोलपत्र आह्वान गर्दा ठेक्का बन्दोवस्त हुन नसक्ने देखिएकोले उक्त ठेक्काको परिमाणमा २५ प्रतिशत परिमाण घटाई हुन आउने रकम ठेक्का अंक कायम गरि विद्युतिय बोलपत्र आह्वान गर्ने र बोलपत्र आह्वानको समयवधीभर आ-आफ्नो क्षेत्रको व्यवस्थापन सम्बन्धित पालिकाले नै गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | उत्खनन /संकलनका क्षेत्रहरु | उत्खनन् योग्य परिमाण (घनफिट) | २५ प्रतिशत घटाइ हुन आउने परिमाण (घनफिट) | न्यूनतम ठेक्का अंक रु. भ्याट बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेलबारी न.पा. र केराबारी गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएको नकाहरु र बेलबारी नगरपालिकाको एकल नाकाहरु | ढुङ्गा, गिट्टी / मिक्सगिट्टी १,०८,१३,२७४.५ | ढुङ्गा, गिट्टी / मिक्सगिट्टी ८१,०९,९५५.८ | ४,८६,५९,७३५.२५ अक्षेरुपी चार करोड छयासी लाख उनान्साठी हजार सात सय त्रिपन्न रुपैया पचिस पैसा मात्र | |
| २ | बेलबारी न.पा., सुन्दरहरैचा न.पा, ग्रामथान गा.पा र रंगेली न.पा लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएको नकाहरु | ढुङ्गा, गिट्टी / मिक्सगिट्टी १,०८,५५,९९७.५ | ढुङ्गा, गिट्टी / मिक्सगिट्टी ८१,४१,९९८.२ | ४,८८,५१,९८९.०० चार करोड अठासी लाख एकाउन्न हजार नौ सय उनान्बे रुपैया मात्र | |
| | | बालुवा १२,४३,९७०.४ | बालुवा ९,३२,९७७.८ | ४४,३१,६४४.५५ चौवालीस लाख एकतीस हजार छ सय चौवालीस रुपैया पच्पन्न पैसा मात्र | |